# भिमसेनथापा गाउँपालिका

# सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण कार्यविधि, २०७६

भिमसेनथापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाञ्चोक, गोरखा

गण्डकी प्रदेश, नेपाल

Scanned with CamScanner

# सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण कार्यविधि, २०७६

१. उद्देश्य :

(१) महिलाहरुले सुचिकृत स्वास्थ्य संस्थामा नै सुत्केरी गराउने संख्यामा वृद्धि गर्ने ।
(२) गर्भावस्था/सुत्केरी अवस्थामा हुने जटिलताको न्युनिकरण गरी सुरक्षित मातृत्वको सुनिश्चितता गर्ने ।
(३) वाल मृत्युदर र मातृमृत्युदर कम गर्ने ।
(४) प्रोटोकल अनुसार लक्ष्य पुरा गर्ने ।
(५) घरमै सुत्केरी हुने संख्या घटाउने ।
(६) ब्यक्तिमा कुपोषणबाट हुने शारीरिक/मानसिक अपाङ्गता/समस्या न्यूनीकरण गर्ने ।
(७) कुपोषणबाट ग्रसित ब्यक्तिहरुको स्वास्थ्य एवं समस्या तथा जीवीकोपार्जनको लागि परिवार/समाज र राज्यले भविष्यमा लगानी गर्नुपर्ने ठूलो मात्राको धन राशी एवं दायित्वलाई न्यूनीकरण गर्ने ।

२. लक्षित समूह : भिमसेनथापा गाउँपालिका अन्तर्गतका सवै गर्भवती र सुत्केरी महिलाहरु ।

३. कार्यक्रम संचालन गर्ने निकाय : भिमसेनथापा गाउँपालिका अन्तर्गतका सवै स्वास्थ्य संस्थाहरु (प्रसुती सेवा भएका)

४. कार्यक्रम संचालन प्रक्रिया :

१) प्रत्येक स्वास्थ्य चौकीहरुलाई त्रैमासिक/चौमासिक रुपमा त्यस संस्थाको गर्भवती महिलाको लक्ष्य अनुसार गाउँपालिका कार्यालयबाट पेश्कि रकम स्वास्थ्य संस्थाको खातामा जम्मा गर्ने व्यवस्था हुनेछ ।
२) स्वास्थ्य व्यवस्थापन समितिको वैठकवाट निर्णय गरि सुरक्षित मातृत्व हेर्ने फोकल पर्सनलाई पेश्की रकम उपलब्ध गराउने व्यवस्था गर्नछै ।
३) अघिल्लो पेश्की रकम फछ्यौंट भएपछि अर्को त्रैमासिक/चौमासिक पेश्की रकम स्वास्थ्य संस्थाको खातामा गाउँपालिकाले उपलब्ध गराउनेछ ।
४) सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण देहाय बमोजिम गरिनेछ ।
(क) गर्भवती महिलाले स्वास्थ्य संस्थामा आई प्रसुती भएमा पोषण खर्च वापत स्वास्थ्य संस्थाले रु. ~~२०००~~ १५०० उपलब्ध गराउने ।
(ख) गर्भ जाँच गरेको स्वास्थ्य सस्थामा सुत्केरी सेवा नभएमा वा सुत्केरी गराउन नसकी वाहिर प्रेषण भई जानु परेमा यातायात खर्च वापत रु ३००० उपलब्ध गराउने (जटिलता भई स्थानीय तह भन्दा वाहिरको थप सुविधा उपलब्ध संस्थामा जानु परेमा) ।
(ग) माथि उल्लेखित वुँदाहरु भिमसेनथापा गाउँपालिकामा स्थायीरुपमा वसोवास गर्ने र गाउँपालिका भित्र अस्थायी रुपमा वसोवास गरि ज्याला मजदुरी गर्ने महिलाहरुको हकमा मात्र लागु हुनेछ ।
(घ) भिमसेनथापा गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा गर्भ जाचँ गर्ने र बच्चा जन्माउने महिलाले मात्र सुविधा प्राप्त गर्न सक्नेछन् । भिमसेनथापा गाउँपालिका भित्र स्थायी ठेगाना भएका तर अन्यत्र बसोवास गर्नेहरुले सुबिधा प्राप्त गर्ने छैनन् ।

५. सुत्केरी प्रोत्साहन पोषण भत्ता रकमको लागि सम्बन्धित सेवाग्राहीहरुले निम्न कागजपत्रहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

१) सुत्केरी महिलाको निवेदन
२) स्वास्थ्य संस्थाले प्रदान गरेको Birthcertficate
३) ANC CARD को फोटोकपी

Scanned with CamScanner

४) वडा कार्यालयवाट स्थायी वसोवास वा ज्याला मजदुरीको प्रमाणीकरण पत्र ( गर्भ परिक्षणको समय अवधिभरमा उपलब्ध गराउनु पर्ने ) सर

५) प्रेषण भएको खण्डमा स्वास्थ्य संस्थाले जारी गरेको प्रेषण पुर्जाको फोटोकपी

६. उक्त रकम वितरण गर्दा स्वास्थ्य चौकीले सुत्केरी पोषण वापतको रकमको लागि अनुसूची १ साथै जटिलता भई प्रेषण गर्नुपरेमा यातायात खर्च वापत उपलब्ध गराइने रकमको लागि अनुसूची २ भर्नुपर्ने छ ।

ईश्वर पाण
अध्यक्ष

Scanned with CamScanner

अनुसुचि १

भिमसेनथापा गाउँपालिका, गोरखा ।

स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी वा सुत्केरी पश्चात समस्या भई यातायात खर्च रकम प्रेषण भए वापतको वुझेको भरपाई

स्वास्थ्य संस्थाको नाम :

| क्र.स. | सुत्केरी हुने वा प्रेषण भएको महिलाको नाम | ठेगाना | चार पटक गर्भ जाचँ गरेको/नगरेको | वुझिलिएको रकम | दस्तखत | मोवाइल नं | स्वास्थ्यकर्मीको नाम | स्वास्थ्यकर्मीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

Scanned with CamScanner

अनुसुचि २

भिमसेनथापा गाउँपालिका, गोरखा ।

स्वास्थ्य संस्थामा सुत्केरी हुन नसकी वा सुत्केरी पश्चात जटिलता भई जानुपरेमा यातायात खर्च वापत रकम वुझेको भरपाई

स्वास्थ्य संस्थाको नाम :

| क.स | सुत्केरी हुने वा प्रेषण भएको महिलाको नाम | ठेगाना | गर्भ जाचँ गरेको/नगरेको | प्रेषण गनुपर्ने कारण | वुझिलिएको रकम | दस्तखत | मोवाइल नं | स्वास्थ्यकर्मीको नाम | स्वास्थ्यकर्मीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

नोट : प्रेषण गरिएको प्रेषण पूर्जा अनिवार्य संलग्न गर्नुपर्नेछ ।

Scanned with CamScanner

भिमसेनथापा गाउँपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७६ को दफा ४ बमोजिम भिमसेनथापा गाउँ कार्यपालिकाको सुत्केरी प्रोत्साहन पोषण भत्ता वितरण कार्यविधि, २०७६ गाउँपालिकाका अध्यक्ष श्री ईश्वर पाण्डेवाट प्रमाणित गरिएको छ ।

नाम : ईश्वर पाण्डे

पद : अध्यक्ष

मिति : २०७६।०५।०१

ईश्वर पाण्डे

अध्यक्ष

Scanned with CamScanner